Journal of Jayaprithvi Multiple Campus
Vol. 1; May 2025
ISSN: 3059-9830 (Print)
Published by Research Management Cell (RMC)
Jayaprithvi Multiple Campus, Bhopur, Bajhang

नेपाली भाषाका सापेक्षतामा बाजुराली भाषाका शाब्दिक र संरचनात्मक विशेषता

रुपबहादुर रौले
उपप्राध्यापक
बाजुरा बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
rupakraule2074@gmail.com

लेखसार

प्रस्तुत लेख बाजुराली भाषाका शाब्दिक र संरचनात्मक विशेषता पहिल्याउनमा केन्द्रित छ । बाजुराली भाषा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लामा बोलिने भाषा हो । यस भाषाका शाब्दिक र संरचनात्मक विशेषताहरू पहिल्याई विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो । पुस्तकालय कार्य र प्राथमिक स्रोतका सामग्री सङ्कलन गरी तिनलाई व्याख्या विश्लेषणका र उदाहरणका माध्यमबाट बाजुराली भाषाका विशेषताहरूको निर्धारण गरिएको छ । बाजुराली भाषा नेपालका अन्य भाषाहरू भन्दा फरक किसिमको छ । यस भाषाका विशेषता हेर्दा यो नेपालका अन्य भाषा भन्दा फरक किसिमको भाषा हो भन्ने पुष्टि हुन्छ । यस भाषामा क्रियाविशेषणको पनि लिङ्ग, वचन र आदरका आधारमा भेद छ । यस भाषामा प्रयोग हुने उपसर्ग, प्रत्यय, लैङ्गिक व्यवस्था, आदर, विभक्ति आदि नेपाली भाषा र नेपालका अन्य भाषाभन्दा फरक किसिमका छन् । यस लेखले बाजुराली भाषाका बारेमा अध्ययन गर्ने अध्येतालाई सहयोग गर्नुका साथै बाजुराली भाषाको संरक्षण र संवर्द्धनमा पनि योगदान गर्नेछ ।

प्रमुख शब्वावलीः संरचनात्मक, पदादि, पदान्त, ध्वनि विपर्यास, क्रियाविशेषण, कृदन्त, मौलिक आदि ।

विषय परिचय

बाजुराली भाषा सुदूरपश्चिम प्रदेशको पाहाडी जिल्ला बाजुरामा बोलिन्छ । यो भारोपेली भाषा परिवार अन्तर्गत पर्ने भाषा हो । यो भाषा हालको नेपाली भाषाको माध्यमिककालीन रूपसँग समानता राख्छ (रौले २०७८, पृ.१) । बाजुराली बोलिलाई भाषाको रूपमा जनगणना २०६८ ले नेपालका भाषाहरूको सूचीमा सूचीकृत गरेको हो । नेपाली भाषा र यसका भाषिकाहरूको अध्ययन गर्ने अध्येयताहरूले बाजुराली बोलिलाई नेपाली भाषाको भाषिका मान्ने गरेको भए पनि

हाल यो भाषाको रूपमा क्रमिक रूपमा विकास हुँदै गएको छ । यस भाषामा के कस्ता विशेषताहरू छन् ? भन्ने जिज्ञासाको समाधान गर्नका लागि यो लेख तयार पारिएको छ । यसले बाजुराली भाषाका विशेषताहरूलाई चिनाउने छ ।

बाजुराली भाषा जनगणना २०६८ अघि नेपाली भाषाको क्षेत्रीय भेदका रूपमा परिचित हुँदै आएको थियो । बालकृष्ण पोखरेल (२०३१) ले यस भाषालाई नेपाली भाषाको ओरपश्चिमा भाषिकाको उपभाषिका मानेका छन् । चूडामणि बन्धु (२०५२) र व्रतराज आचार्य (२०४०) ले केन्द्रीय भाषिकामा पर्ने भाषिका मानेका छन् । ढुङ्गाना (२०५३), आचार्य (२०५३), जैशी (२०६६) र कटुवाल (२०६७) ले नेपाली भाषाको स्वतन्त्र र छुट्टै विशेषतायुक्त भाषिका भएको उल्लेख गरेका छन् भने रौले (२०७८) ले बाजुरा जिल्लामा बोल्ने बोलिलाई बाजुराली भाषाको रूपमा स्थापित गरी यस भाषाको समाजभाषिक अध्ययन गरेका छन् । यसरी नेपाली भाषा र यसका भाषिकाहरूको अध्ययन गर्ने अध्ययेताहरूले बाजुराली बोलिलाई नेपाली भाषाको भाषिक भेदका रूपमा सीमित राखे तापनि बाजुराली बोली भाषिका नभई भाषा हो भन्ने कुरा यस भाषामा प्रयोग हुने शब्द, यसको उच्चारण व्यवस्था, शब्द प्रयोग, उपसर्ग, प्रत्यय आदि कुराहरूले प्रमाणित गर्दछ । यस भाषाका विशेषता भनेर गरिएका पूर्व अध्ययनहरूमा बाजुराली भाषाका विशेषता दिइएको भए तापनि ती विशेषता अधुरा, फरक शब्दावलीको प्रयोग गरिएका र नमिल्ने किसिमका विशेषता पनि समावेश गरिएकाले यहाँ यस भाषाका शाब्दिक र संचरनात्मक विशेषताहरूलाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

बाजुराली भाषा र बाजुराली भाषाका विशेषतामा भएका पूर्व अध्ययनहरू

बाजुराली भाषाको आफ्नो अलग्गै अध्ययन परम्परा र इतिहास छैन । बाजुराली बोली नेपाली भाषाको अध्ययन परम्परा र भाषिका विभाजनसँग जोडिएर आएको छ । नेपाली भाषाको अध्ययन र भाषिका विभाजन गर्ने अध्येयताहरू जोन बिम्स, ग्रियर्सन, टर्नबुल, सूर्यविक्रम ज्ञवाली, चूडामणि रेग्मी आदिले थालेको (निरौला, २०७२, पृ.१५–१७) भए तापनि व्यवस्थित रूपमा बालकृष्ण पोखरेल (२०३१) ले बाजुराली बोलिका बारेमा स्पष्ट जानकारी दिएको छ । उनले बाजुराली बोलीलाई नेपाली भाषाको ओरपच्छिमा भाषिकाको उपभाषिका भनी वर्गीकरण गरेका छन् । बालकृष्ण पोखरेलभन्दा पछि ब्रतराज आचार्य (२०४०), चूडामणि बन्धु (२०५२) आदिले पनि सोलोडोलो रूपमा बाजुराली बोलिको उल्लेख गरेका छन् । नेपालीकै भाषिकाहरूको अध्ययनका क्रममा प्रयोगात्मक रूपमा शोध गर्ने निरौला (२०५१) ले नेपालीका १२ वटा भाषिका विभाजन गरी बाजुरालीलाई भाषिका मानेका छन् भने भगवत आयार्य (२०५३ र लावण्यप्रसाद ढुङ्गाना (२०५३) ले नेपाली भाषाका १३ वटा भाषिका निर्धारण गरी बाजुराली भाषिका भएको तथ्य प्रस्तुत गरेका छन् । यी र यस्तै किसिमका अध्ययनमा बाजुराली भाषा उपभाषिका र भाषिकाको रूपमा सामान्य रूपमा चर्चा मात्र भएकाले यसै भाषाका विशेषता र यसै भाषामा केन्द्रित भइ गरेका केही अध्ययनलाई यहाँ संक्षिप्तमा चर्चा गरिएको छ ।

निरौला (२०७२, पृ.१९६–१९८) ले बाजुराली भाषाका संरचनात्मक विशेषता शीर्षकमा बाजुराली भाषाका अठार वटा विशेषता र केही मौलिक शब्द प्रस्तुत गरेका छन् । उनले नेपाली भाषाका एघार वटा भाषिका निर्धारण गरी बाजुराली बोलिलाई पनि नेपाली भाषाको भाषिका मानेका छन् । उनले प्रस्तुत गरेका भाषिक विशेषता केहि उपयुक्त भए पनि केहि विशेषता अनुपयुक्त किसिमले राखेका छन् । उनले भनी र भनीँ को भेद एउटै मानेर भनीँलाई अनादर मानेका, 'ड' र 'ण' प्रयोगको भेद लाई एउटै मानेर प्रयोग गरेको र बाजुराली मौलिक शब्दहरू भनेर टाडमोड गरी शब्द प्रयोग गरेका जस्ता अनुपयुक्त किसिमले पनि यस भाषाका भाषिक विशेषता उल्लेख गरेका छन् । उनले सूचक छनोटमा बाजुराली मुल वक्ता नलिएर पेशा, व्यवसाय, अध्ययन आदिका कामले शहर बजारमा बस्नेहरूबाट सूचना लिई त्रुटि गरेकाले बाजुराली

भाषाका विशेषता देखाउने र मौलिक शब्दप्रयोगमा समेत त्रुटि हुन गएको छ । बाजुराली भाषाका विशेषतालाई समेट्न नसक्ने र फरक किसिमले लेखेको भए पनि त्यहाँ प्रस्तुत केहि विशेषताले भने यस अध्ययनका लागि सहयोग पुगेको छ । प्रस्तुत लेख उक्त अध्ययनभन्दा मौलिक र फरक पनि छ ।

रौले (२०६२) ले बाजुराली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण शीर्षकको शोधपत्रमा बाजुराली भाषा र स्तरीय नेपाली भाषाका काल, पक्ष, भाव र वाच्यको व्यतिरेकी विश्लेषणको अध्ययन गरेका छन् । बाजुराली बोलीलाई नेपाली भाषाको भाषिका मानी गरिएको उक्त शोधपत्रमा बाजुराली भाषाका मौलिक विशेषताहरू (पृ.१५–१६) प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेका विशेषता अत्यन्त थोरै र सूच्य मात्र भएकाले समग्र भाषाका विशेषता देखाउन सकेको छैन । बाजुराली भाषाका विशेषताको आधारभूत पक्षको जानकारी लिन उक्त अध्ययनले सहयोग पुगे पनि उक्त अध्ययनभन्दा प्रस्तुत आलेख भिन्न र विस्तृत रहेको छ ।

जैसी (२०६६) ले बाजुराली भाषिकाका व्याकरणिक कोटिको अध्ययन शीर्षकको स्नातकोत्तर शोधपत्रमा बाजुराली बोलीलाई नेपाली भाषाको भाषिका मानेका छन् । उनको अध्ययन बाजुराली भाषिकाको व्याकरणिक कोटिको निर्धारणमा केन्द्रित रहेको छ । उनको अध्ययनले बाजुराली भाषाका बारेमा आधारभूत जानकारी दिएकाले प्रस्तुत अध्ययनका लागि सहयोग पुगेको छ । जैशीले गरेको अध्ययनमा बाजुराली भाषाका विशेषता भनेर छुट्टै शीर्षक नराखिएको भए पनि उनले बाजुराली भाषाका वाक्यात्मक कोटिहरूको परिचय उदाहरण सहित प्रस्तुत गरेकाले यस भाषाका विशेषताहरूको खोजीमा सहयोग पुगेको छ ।

कटुवाल (२०६७) ले बाजुराली भाषिकाको शब्दकोश शीर्षकको स्नातकोत्तर शोधपत्रमा बाजुराली भाषिका १३ सय जति मौलिक शब्द सङ्कलन गरी अर्थ निर्धारण गरेका छन् । उनले बाजुराली भाषाको शब्दभण्डारमा भएका नेपाली भाषाका जस्तै तर उच्चारणगत रूपमा भिन्न भएका शब्द, नेपाली भाषामा प्रयोग नहुने मौलिक शब्दहरूको वर्णानुक्रममा प्रस्तुत गरी अर्थ निर्धारण गरेकाले प्रस्तुत बाजुराली भाषाका शाब्दिक विशेषता शीर्षकको अध्ययनका लागि शब्दहरूको आधारभूत खोजी गर्न सहयोग पुगेको छ ।

उद्देश्यकथन

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य बाजुराली भाषाका विशेषताहरूको खोजी गर्नु हो । यसका उद्देश्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ –

क) बाजुराली भाषाका शाब्दिक विशेषताहरूको खोजी गर्नु ।
ख) बाजुराली भाषाका संरचनात्मक विशेषताहरूको विश्लेषण गर्नु ।

अध्ययन विधि

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । सामाजिक भाषाविज्ञानको अध्ययनमा आधारित प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त तथ्यलाई ज्ञानको रूपमा लिई बहु सत्यलाई आत्मसाथ गरिएको छ । प्राथमिक स्रोतबाट सङ्कलित तथ्यलाई बाजुराली भाषाका बारेमा ज्ञान भएका व्यक्तिहरूसँग अन्तरक्रिया, परामर्श गरी सत्यापन गरेपछि मात्र वर्गीकरण र विश्लेषण गरी उपयोग गरिएको छ । त्यस्तै भाषाका विशेषताहरू केलाउनका लागि

पुस्तकालय कार्य, विभिन्न व्यक्तिसँगको अन्तरक्रिया र पूर्व अध्ययनबाट सामग्री सङ्कलन गरी उपयोग गरिएको छ । सामग्री सङ्कलन गर्दा नैतिक मार्गदर्शनलाई ख्याल गरिएको छ ।

बाजुराली भाषाका शाब्दिक र संरचनात्मक विशेषताहरू

बाजुराली भाषा नेपालका भाषाहरूको सूचीमा सूचीकृत भारोपेली भाषा परिवार अन्तर्गत पर्ने भाषा हो । यस भाषाका विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ –

१.भूत कालको अपूर्ण र अभ्यस्त पक्षमा 'थ' का ठाउँमा पनि 'छ' कै रूपहरू चल्नु जस्तै

बाजुराली	नेपाली अनुवाद
नान्का छन्जि मुँ माटाइदो खेल्दो छ्याँ ।	सानो हुँदा म माटोमा खेल्थें ।
नाखइदा सिँगानका लणा हुँदाछ्या ।	नाकमा सिगानका लडा हुन्थे ।
हामि घाटका धारइदा बाल्वाको घर बनाइ खेल्दाछ्याउँ ।	हामी नदि किनारमा बालुवाको घर बनाइ खेल्थ्यौ ।
तुँ बाबर खाँदोछि ।	तँ सेल रोटी खाँदैथिइस् ।
तुमि लाउन खान्याँ छ्या ।	तिमी पुरी रोटी खाने थियौ ।
तुँ भात छोड्डो छि ।	तुँ भात थाप्दै थिइ ।
हाम्बा घर पइलि खेतिपातिहरि गुजारा चलाउँदा छ्याउँ ।	हाम्रो घरमा पहिले खेतिपाति गरी गुजारा चलाउँथ्यौं ।

२. नेपाली भाषामा अल्पप्राण ध्वनिको रूपमा रहेका केही शब्दहरू बाजुरालीमा महाप्राण भएर उच्चारण हुन्छन् भने केही महाप्राण ध्वनिको रूपमा रहेका शब्दहरू अल्लप्राण भएर प्रयोग हुन्छन् जस्तैः

अल्प्राण ध्वनिको महाप्राण		**महाप्राण ध्वनिको अल्पप्राण**	
नेपाली	**बाजुराली**	**नेपाली**	**बाजुराली**
बाहिर	भाइर	बुढो	बड्डो/बुणो/बुडो
जानु	झानु	बाघ	बाग
देख्नु	धेक्नु	मुढो	मुणो/मुडो
दुहुनु	धनु	भोट	बोट

३. नेपाली भाषामा पदमध्य र पदान्तमा हुने 'र', 'ढ' र 'ड' ध्वनि हुने हुने शब्दमा 'ण' ध्वनिको प्रयोग गरिनु । जस्तैः

'ढ' को 'ण' हुने शब्द		**'ड' को 'ण' हुने शब्द**		**'र' को 'ण' हुने शब्द**	
नेपाली	**बाजुराली**	**नेपाली**	**बाजुराली**	**नेपाली**	**बाजुराली**
बुढा	बुणा	अनाडी	अनाणि	ओर	ओणो
मुढो	मुणो	अखडा	अखाणा	साँगुरो	साँगुणो
सिँढी	सिँणि	ठाडो	ठाणो	अटेरी	अटेणि
पढी	पणि	भाडा	भाणा	घुमाउरो	घुमाउणो

गढी	गणि	भाँडा	भाँणा	अर्ति	अण्ति
बिँढी	बिँणि	कौडा	कौणा	काँक्रा	काँक्णा
चढी	चणि	काँडा	काँणा	कुनाउरो	कुनाउणो
टाढा	टाणा	अगाडि	अगाणि	किरा	किणा
गाढा	गाणा	अडेस	अणेस	कुहिरो	कुइणो
कोढी	कोणि	उड्नु	ओणानु	हातिबार	हातिबाण
कालिगढ	कालिगण	उड्नु	उण्नु	बार	बाण
गढ	गण	अड्याउनु	अण्याउनु	कुखुरा	कुकुणा

४. माथि ३.मा पद मध्य र पदान्तमा नेपाली भाषामा 'ड', 'ढ' 'र' प्रयोग भएका ठाउँमा 'ण'को प्रयोग हुने भनिए पनि सबै शब्दमा सो नियम लागु हुँदैन केहि शब्दमा सो नियम लागु नभई पदान्तमा 'ड', 'र' नै प्रयोग हुन्छ, जस्तै ः कोपरा, कुलारा, ठौर, कुटिरो, कोठार, डर, कुकुर, अँध्यारो, अँधारो, ठन्डो, ठन्डिनु, अप्सरा, डाँगर, डन्ड, कोरा, कोरो किरकिर, कारोवार, डेरो, डउँड्यारो, काटमार, घँसारी, काँतर, अकरो, ठकुरी, ठक्कर, ठर्रा, डन्डी, डन्डीसरो, बार (हप्ताबार) आदि

५. 'यो' 'ए' आदिमा 'या' को प्रयोग हुनु। जस्तैः

नेपाली	बाजुराली	नेपाली	बाजुराली
खाएको	खायाको	पालेको	पाल्याको
देखेको	धेक्याको	भएको	भयाको
आएको	आयाको	लाग्यो	लाग्या
भएको	भयाको	गरेको	हऱ्याको
गएको	गयाको	सुनेको	सुन्याको
लाएको	लायाको	उम्रेको	उम्रयाको
ल्याएको	आन्याको	हाँसेको	हाँस्याको
रोएको	रुयाको	लिएको	लियाको
मरिगए	मरिगया	गइहाले	बाइगया आदि

६. बाजुराली भाषामा आदरार्थीका तिन तह मात्र रहेका छन्, जस्तैः

अनादर —तुँ, तँ

सामान्य आदर —तुमी

उच्च आदर —हजुर, ताँ, त्याँ

७. शब्दको विशेषण जनाउनका लागि 'या' को प्रयोग हुनु, जस्तैः

ठ्याउके —ठ्याउक्या डेढो —डेण्या

ड्वाँगे —ड्वाँग्या डोले —डोल्या

डुँडो —डुँण्या डुबाउने — डुबाउन्याँ

ढिक्कुरो — ढिक्कु¥या,	लाटो — लाट्या आदि
बाठो —बाठ्या	लुड्के — लुण्क्या
कालो — काल्या	गोरो— धौल्या, गो¥या

८. ‘बारी’ वा ‘घारी’ जनाउनका लागि ‘आणि’ प्रत्ययको प्रयोग हुनु जस्तैः
केलाणि, कोदाणि, धनाणि, अल्याणि, कँसाणि, गँवाणि, रोपाणि आदि।

९. नेपाली भाषामा रहेको ‘मा’ विभक्ति जनाउनका लागि बाजुराली भाषामा ‘उणि’, ‘उणो’, ‘उणा’ को प्रयोग हुनु जस्तैः

नेपाली शब्द	**बाजुरालीमा**		
	स्त्रीलिङ्ग	**पुलिङ्ग**	**आदर र वचन**
भिरमा	भिँणउणि	भिँणउणो	भिणउणि/भिँणउणा
खोलामा	खोलाउणि	खोलाउणो	खोलाउणि/खोलाउणा
लेखमा	लेखउणि	लेखउणो	लोखउणि/लेखउणा
गोठमा	गोठउणि	गोठउणो	गोठउणि/गोठउणा
खेतमा	खेतउणि	खेतउणो	खेतउणि/खेतउणा
कोठामा	कोठाउणि	कोठाउणो	कोठाउणि/कोठाउणा

१०. ‘मा’ विभक्ति जनाउनका लागि ‘उणि’, ‘उणो’, ‘उणा’ का अतिरिक्त ‘इदो’, ‘इँदा’, ‘उँदो’, ‘उँदा’ को प्रयोग हुनुका साथै केही शब्दमा ‘मि’ को पनि प्रयोग हुनु जस्तैः

नेपाली शब्द	**बाजुरालीमा**				
	इदो	**इँदा**	**उँदो**	**उँदा**	**मि**
झोलामा	झोलाइदो	झोलाइँदा	झोलाउँदो	झोलाउँदा	झोलामि
जसमा	जाइदो	जाइँदा	जाउँदो	जाउँदा	जाँमि
खोलामा	खोलाइदो	खोलाइँदा	खोलाउँदो	खोलाउँदा	–
भिरमा	भिँणइदो	भिँणइँदा	भिँणउँदो	भिँणउँदा	भिँणमि
कुनमा	काइदो	काइँदा	काउँदो	काउँदा	काँमि
अफ्ट्यारोमा	अढलइदो	अढलइँदा	अढलउँदो	अढलउँदा	अढलमि
त्यसमा	त्याइदो	त्याउँदा	त्याउँदो	त्याइँदा	त्याँमि
गालामा	गालाइदो	गालाउँदा	गालाउँदो	गालाइँदा	गालामि

११. भाषा प्रयोगका सन्दर्भमा ‘मा’ विभक्ति जनाउन शब्दको हलन्त उच्चारणलाई अकारान्त उच्चारण गरेर पनि ‘मा’ विभक्तिको काम गर्नु जस्तैः

नेपालीमा मा विभक्तिको प्रयोग	**बाजुरालीमा अकारान्त प्रयोग**	**हलन्त शब्द अकारान्त उच्चारण**
राजाको दरवारमा मन्त्री बसेका थिए।	राजाका दरवार मन्त्रि बस्याका छ्या।	दरवार्–दरवार
यो औषधि वनमा पाइन्छ।	यो ओख्तो बन पाइँदो छ।	वन्–वन
मेरो बुवा स्कुलमा काम गर्नुहुन्छ।	मेरा ब्वा स्कुल काम हर्दाछन्।	स्कुल्–स्कुल
आज मन्दिरमा पुजारी छैन।	आज् मन्दिर पुजारि आछिनाइँ।	मन्दिर्–मन्दिर

१२. स्थानवाची क्रियाविशेषण अव्ययको पनि रूप चल्नु, जस्तैः

क्रियाविशेषण अव्ययको एक प्रकार हो । अव्यय भनेको व्यय नहुने अर्थात् लिङ्ग, वचन, पुरुष, काल, पक्ष आदिका आधारमा रूप नचल्नु हो तर बाजुराली भाषामा स्थानवाची क्रियाविशेषणको रूपावली चल्छ, जस्तैः

अव्यय शब्द	**बाजुराली शब्द**	**स्त्रीलिङ्ग**	**पुलिङ्ग**	**पुलिङ्ग बहुवचनआदरार्थी/ स्त्रीलिङ्ग बहुवचन आदरार्थी**
ओर	ओणो	ओणि	ओणो	ओणा/ओणि
पर	पुणो	पुणि	पुणो	पुणा/पुणि
माथिनेर	हप्रउणो	हप्रउणि	हप्रउणो	हप्रउणा/हप्रउणि
मुनीतिर	तलिम्बो	तलिम्बि	तलिम्बो	तलिम्बा/तलिम्बि
कहाँनेर	काँम्बो	काँम्बी	काम्बो	काम्बा/काम्बी
त्यहाँतिर	त्याउँणो	त्याउँणि	त्याउँणो	त्याउँणा/ त्याउँणि
यहाँनेर	याउँणो	याउँणि	याउँणो	याउँणा /याउँणि
उहीँनेर	वाउँणो	वाउँणि	वाउँणो	वाउँणा /वाउँणि
उहीतिर	वाइँम्बो	वाइँम्बि	वाइँम्बो	वाइँम्बा /वाइँम्बि

१३. बाजुराली भाषामा भावनात्मक प्रस्तुतीकरण, उखानटुक्का, डेउडा गीत गायन आदिका सन्दर्भमा निर्जीव वस्तु र मानवेत्तर नाममा समेत स्त्रीलिङ्गको प्रयोग हुनु, जस्तैः

बाजुरालीमा पदावली	**पुलिङ्ग स्त्रीलिङ्ग रूप**	**अर्थ नेपालीमा**
किर्मुलीकि मुतै गङ्गा ।	किर्मुलो–किर्मुली	कमिलो
बाघ नपाइ कोलणि घर आइ ।	कोलणो – कोलणि	बाच्छो
गोठकि गाई पाँणकि माइ ।	गोठको गाई – गोठकि गाई	गाई
माटिको डल्लो चणिको चल्लो ।	माटो – माटि	माटो
मालिकाकी माई	मालिका – मालिकाकि	मालिका (ठाउँ)
उकालिका मुणमनि बस्याकि सुन्तला	उकालो – उकालि	उकालो
दूध भन्दा कुराउनि मिठो मेरी गाई तिलुकि	मेरो गाई – मेरी गाई	गाई
चणिको चल्लो	चणो –चणि	चरो
सुकिली टोपी	सुकिलो –सुकिलि	सुकिलो
डाणामि बेल आइगइँ ।	बेल–आइगइँ	सूर्य

१४. 'बाट' विभक्ति र तुलनाबाची 'भन्दा' जनाउनका लागि 'बाटी' र 'है' को प्रयोग गरिनु, जस्तैः

नेपाली	बाजुराली
यहाँबाट कहाँ जाने ?	याँबाटि/याँहै काँ झान्याँ ?
घरबाट छाता लिएर आउनु ।	घरहै/घरबाटि छाता लैयाया ।
जहाँबाट आएको हो उहीँ गइजा ।	जाँहै/जाँबाटि आयाको होइ वाइँ बाइझा ।
तिमीहरू त्यँबाट हिँड, हामी यताबाट आउँछौं ।	तुमि त्याँहै/त्याँबाटि हँट हामी याँहै आउँदाभयाउँ ।
तपाईँ कहाँबाट आउनुभयो ?	तुमि काँबाटि/काँहै आया ?
कुरु भन्दा पुतुड्को (सानो चोयाको भकारी) जित्दो ।	कुरुहै पुतुण्को जित्दो (तुलनावाची भन्दा) ।
तैंले हगेको भन्दा मैले पादेको राम्रो ।	तेरा हग्याहै मेरा पाद्या भल ।
म खोलाबाट आएँ ।	मुँ खोलाहै /खोलाबाटि आयाँ ।

१५. नेपाली भाषाको 'लाई' विभक्तिका ठाउँमा बाजुराली भाषामा 'कन', 'कि', 'पाहिँ' जस्ता विभक्तिको प्रयोग गरिनु जस्तैः

नेपाली	बाजुराली
बुबाले मलाई लुगा ल्याइदिनु भयो ।	ब्वाले मुकन/मुकि टला आन्दियो ।
मैले जे गरेपनि तँलाई के चाहियो ?	मैले ज्या हऱ्यापन तुँकन/तुँकि क्या चाइयो ?
बिनाकाम मलाई किन आरोप लगाउँछस् ।	बिनासित्ति मुँकन/मुँकि किन आरोप लाउँदो ।
अब राजालाई पनि आपत् पर्यो ।	अब राजकि पन आपत् पण्यो ।
उसलाई यहाँ आउनु भनिदिनुहोला ।	उइपाहिँ याँ आ भन्दिया ।
उहाँलाई दिनुहोला भनेकी थिएँ ।	वाँपाहिँ दियाहोलि भन्याकि छ्याँ ।
मैले त थाहा पाइन कसलाई सोध्नु पर्ने हो ?	मैले त था पायाइँन कइपाहिँ सोध्नु हो ?

१६. 'लागि' विभिक्तिको सट्टामा कहिँ कहिँ र 'लेख' विभिक्तिको प्रयोग हुनु, जस्तैः

नेपाली	बाजुराली
अन्धाका लागि न औंसी न पुर्णिमा ।	आँधाकि लेख आउँसि न पुनि ।
मेरा लागि तँ मेरेको तेरा लागि म मरेको ।	मेरिलेख तुँ मऱ्याको तेरिलेख मुँ मऱ्याको ।
मेरा लागि गोडको गू भयो ।	मेरिलेख गोणको गु भयो ।

१७. बाजुराली भाषामा मौलिक उपसर्ग प्रत्ययको व्यवस्था छ जसले बाजुराली भाषालाई अन्य भाषाभन्दा शब्दप्रयोग र उच्चारणमा भिन्नता गराउने काम गर्दछ । आधार पद नेपाली लगाएतका भाषामा पाइने भए पनि त्यसमा मौलिक उपसर्ग प्रत्यय लाग्दा नवीन शब्दको निर्माण बाजुरालीमा हुन्छ । बाजुराली भाषामा रहेका केही मौलिक उपसर्ग, प्रत्यय र तिनबाट निर्मित शब्दहरू यसप्रकार रहेका छन् । जस्तैः

शब्दको नेपाली आधार पद	उपसर्ग÷प्रत्यय	बाजुरालीमा निर्मित शब्द
चेप्नु, जानु, दिनु, हुनु, लिनु, भन्नु	नाकि	चेप्नाकि, झानाकि, दिनाकि, हुनाहि, लिनाकि, भन्नाकि
अस्ती नै, हिजो, अस्ती, पोहर	पटि	अड्नपटि, बेलीपटि, अस्तिपटि, पोरपटि
चिन्नु, खानु,लिनु, दिनु, हान्नु, मार्नु, गर्नु	जन	रायाजन, खायाजन, लियाजन, दियाजन, हान्याजन, मार्‍याजन, हर्‍याजन।
जतिखेर, उतिखेर, कुनबेला, त्यसबेला	तेल	जइतेल, उइतेल, कइतेल, त्यइतेल
विहान, दिउँसो, राती, वर्ष	पुरि	छकालपुरि, दिसपुरि, रातपुरि, वर्षपुरि
रहनु, खानु, जानु	चाण	रनिचाण, खानिचाण, झानिचाण
खानु, दिनु, आउनु, हुनु	उणा	खायाउणा, दियाउणा, आयाउणा, भयाउणा
धान, गहुँ, केला, काँस, रोपो	आणि	धनाणि, गवाँणि, केलाणि, कँसाणि, रोपाणि
खायो, गर्यो, बैंस, लेख्यो (अधुरो)	अद्	अद्खायो, अद्हर्‍यो, अद्बैंस्या, अद्लेख्यो
खायो, गर्यो, बैंस, लेख्यो (अधुरो)	अत्	अत्खायो, अत्हर्‍यो, अत्बैंस्या, अत्लेख्यो

१८. बाजुराली भाषामा नेपाली भाषामा प्रयोग हुने केही शब्दहरूको ध्वनि विपर्यास भएर प्रयोग हुन्छ जस्तैः

नेपाली	बाजुराली	नेपाली	बाजुराली
बादल	बाल्दो	खरानी	रखानि
बाख्रो	बार्खो	दोस्रो	दोर्सो
खस्रो	खर्सो	कर्ण	कर्न
कर्णाली	कर्नाली	आदि।	

१९. नेपाली भाषामा प्रयोग हुने 'स' ध्वनिका ठाउँमा शब्दको पदाधि, पदमध्य र पदान्तमा 'स' र 'ह' ध्वनि मिश्रण भएर प्रयोग हुनु अर्थात् उष्मीभवन हुनु, जस्तैः

नेपाली	बाजुराली	नेपाली	बाजुराली
सम्झना	स्ह्यझना	सुकिलो	स्हुकिलो
सासु	स्ह्यस्ह्यु	ससुरा	स्ह्युरा
साग	ह्यग	भैंसी	भइँस्ह्य
मानिस	मान्स्ह्य	साली	स्ह्यलि
सालो	स्ह्यलो	सालिमु	स्ह्यलिमु
स्वादिलो	स्ह्यदि	आदि।	

२०. 'एर' प्रत्ययका लागि पनि 'कन' र 'कि' को प्रयोग हुनु, जस्तैः

नेपाली	**बाजुराली**	**नेपाली**	**बाजुराली**
बाँडेर	बाँणिकन /बाँणिकि	भेटेर	भिटिकन /भिटिकि
लगेर	लिइकन /लिइकि	बसेर	बसिकन /बसिकि
उठेर	उठिकन /उठिकि	सुतेर	सइरिकन /सइरिकि
घुरेर	घुरिकन /घुरिकि	मुतेर	मुतिकन /मुतिकि
बाँडचुँड गरेर	बाँणिचुँणिकन /बाँणिचुँणिकि	देखेर	धेकिकन /धेकिकि

२१. अभूतकाल कृदन्त 'दै' को लागि बहुवचनमा 'आइ' र एक वचनका लागि 'अइ' को प्रयोग हुनु, जस्तैः

कृदन्त दै नेपाली	**बहुवचनमा आइ**	**एकवचनमा अइ**
हिँड्दै	हँट्टाइ	हँट्टइ
बस्दै	बस्दाइ	बस्दइ
हाँस्दै	हास्दाइ	हाँस्दइ
रुँदै	रुँदाइ	रुँदइ
खाँदै	खाँदाइ	खाँदइ
लिदै	लिदाइ	लिदइ

२२. कहिँ कहिँ 'बाट' विभक्तिका लागि 'देइ' को पनि प्रयोग हुनु, जस्तैः

काहाँदेखि – काँदेइ हिजोदेखि – बेलिदेइ

अस्तिदेखि –अस्तिदेइ यहाँदेखि –याँदेइ, याँबाटी

यो विशेषता मार्तडी र कुन्ना क्षेत्रमा बोलिने स्थानीय बोलिमा पाइन्छ।

२३. 'गर' धातुको 'ग' का स्थानमा 'ह' को प्रयोग हुनु, जस्तैः

गर्दा –हर्दा गरला–हरला

गर्देछौं –हर्दोछउँ गरेर –हरिकन

गर्दो छ –हर्दो छ गर्‍यो –हर्दो छ्यो आदि।

२४. बाजुराली भाषामा कतिपय मानवेत्तर नाममा समेत स्त्रीलिङ्गको प्रयोग हुन्छ भने कतिपय सन्दर्भमा स्त्रीलिङ्गी कर्ताका लागि समेत पुलिङ्गी क्रियाको पयोग भएको पाइन्छ, जस्तैः

मेरी छोरी गीत गाउँछे –मेरी छोरी गीत गाउँन्छ।

मेरी श्रीमति खुब बाठी छे – मेरी जोइ खुबइ बाठी छ।

मेरी बहिनी साह्रै सिपालु छे. –मेरी बइनी सारै सिपालु छ।

यो केटी राम्रो नाच्छे — यो छोऱ्याँटि राउँणो नाच्दि छ।

२५. वाक्यलाई जोड्न प्रयोग गरिने संयोगक ‘र’ का ठाउँमा ‘रे’ को प्रयोग हुनु, जस्तैः

नेपाली वाक्य	बाजुराली वाक्य
दाजु, भाइ र बहिनी मिलेर मलाई ठगे।	दाइ, भाइ रे बइनि मिलिकन मकन ठग्या।
गिटी, बालुवा र सिमेन्ट राम्रोसँग मिलाए पो बलियो घर बन्ला।	गिट्टी, बाल्व रे सिमिन्डी राउँणोहरि मिलाया प बल्यो घर बनला।
उनीहरूले जङ्गलको बाटोमा सर्प देखेछन् र दौडदै घर आए छन्।	उनुले जङ्गलका बाटइदो साप धेक्याछन् रे फाल्लिकन घर आया छन्
दिदी र भाउजुले हरिया चुरा किन्नुभयो।	दिदी रे बौजुले हर्या चुणा किनिँ।

२६. स्त्रीलिङ्गी आदरवाची कर्ताका लागि अनादरवाची क्रियाको प्रयोग हुनु जस्तैः

नेपाली वाक्य	बाजुराली वाक्य
बजैले हामी सबैलाई राखेर लोक कथा भन्नुभयो।	जिउले हामि सबु राखिकन लोक कथा भनिँ।
महिला समूहका महिलाहरूले हेरक महिलाबाट महिनाको मासिक बचत गर्ने निर्णय गरिन्।	मइला समुहका मइलाले हेरक् मइलाबाट मइनाको मइना बचत् हर्न्याँ निरणय हरिँ।
बाटोमा हिँड्ने महिलाले हामीलाई चामल दिनुभयो।	बाटउणि हँट्न्याँ बैकिनीले हामीकन फाँको दिइँ।
दिदी र भाउजुले हरिया चुरा किन्नुभयो।	दिदी रे बौजुले हर्या चुणा किनिँ।

२७. बहुवचन बनाउनका लागि ‘हरू’ प्रत्ययको प्रयोग नहुनु, बहुवचन बनाउन आकारान्त र आदरबाची क्रियाको प्रयोग हुनु जस्तैः

नेपाली	बाजुराली
सरहरू बिदा सकेर आउनुभयो।	सर बिदा सकिकन आया।
केटाहरू नदीमा पौडी खेल्दै छन्।	गाँठागुठि घाटइदा बाउँत खेल्दाइ छन्।
हामीहरू आयौं।	हामि आयाउँ।
उनीहरू गइहाले।	ऊँ बाइगया।
हामीले तिनीहरूलाई बाटोमा भेटायौं।	हामिले तिनुकन बाटउणा भिटायाउँ।
महिलाहरू डेउडा खेल्दै थिइन्।	बैकिनी खेल लाउनिइयै छिँ।
उसले लेखेका किताबहरू पढ्नलायक छन्।	उइले लेख्याका किताब् पण्णाजसा छन्।

पुलिङ्गका लागि आकारान्त जस्तै दउराला, घट्टाला, रोप्न्यारा, कुलारा, फल्लाऱ्या, सेउकाऱ्या, स्त्रीलिङ्गका लागि इकारान्त प्रयोग हुनु जस्तै दउरालि, घट्टालि, घँसारि, रोप्न्यारि, मङ्ल्यारि आदिको प्रयोग हुन्छ भने सेउकाऱ्या, फल्लाऱ्या आदि शब्द भने स्त्री पुरुष दुबैका लागि प्रयोग हुने गरेको छ।

२८. यस भाषाका मौलिक शब्दहरूः बाजुराली भाषामा नेपाली भाषा र नेपालका अन्य भाषामा भन्दा फरक किसिमका शब्द शब्दावलीहरू पान्छन्। बाजुराली भाषामा पाइने केही प्रतिनिधिमूलक मौलिक शब्दावलीहरू निम्नानुसार छन्–

नेपाली	बाजुराली	नेपाली	बाजुराली	नेपाली	बाजुराली
बचेको, थप	अञ्च्यालि	उट्पट्याङ	उरन्ठ्याउलो	थोरै	थोका
अफ्ट्यारो	असजि, अस्हजी	अधबैंसे	उबेणु	छेउ	धार
कराउनु	अणानु	ज्यादै, धेरै	औधि	ढोका	देलो
करानु	डिड्यानु	खोकी	काँसो	प्रशस्त	निच्छलो
धार लगाउनु	कराउनु	खैरो	कइलो	झाङ	ठानु
सानो गरो	आउत, फोगट्टो	टाउको	खोरो	भुँडी	लादो
थाहा पाउनु, चिन्नु, जान्नु	राउनु	विस्तारै	सद्याम, सज, सइत	केटाकेटी जिद्धि, हठ	रिँगो
तेस्रो	आण्या	देवर	गोसाइँ	दुख्नु	खाइनु
आरन	आफर	नन्द	गोसी	शरीर	हण
आली	इल्चो	बाक्लो	घनु	लोभी	लुच्चो
खसेको ढुङ्गा	ढोल	जिस्क्याउनु	पाजहर्नु	पुरी	लाउन, टाट्या
धेरै बच्चा पाउन सक्ने	आलि	दुध दुहुने सानो ठेकी	तुरी	गहुँका बाला टिप्नु, धान काट्नु	लउँनु
आन्द्रा	आँदणो	मासुको चोक्टो	फिण्को	सुत्नु	सइरनु, सिनु
थियो	छयो	जुम्रो	जउँणो	ढाड	कन्डो
तिमी, तपाईँ	तुमि	दाँत	दाणा	बुबा	ब्वा

निष्कर्ष

संसारमा भएका भाषाहरूका विशेषता एकापसमा मिल्दाजुल्दा भए पनि तिनीहरू केही न केही मात्रामा अर्को भाषा भन्दा भिन्न हुन्छन् । यहि भिन्नताले गर्दा संसारमा यति धेरै भाषाको सङ्ख्या भएको हो र नेपालजस्तो सानो देशमा पनि १२३ भाषाभाषी भएका हुन् । बाजुराली भाषालाई २०६८ को जनगणनासम्म नेपाली भाषाको भाषिका मानिदै आए पनि अब यस क्षेत्रको बोलिले भाषाको मान्यता पाइसकेको छ । बाजुरा जिल्लामा बोलिने बोलिका पनि आफ्नै खालका विशेषताहरू छन् जो अन्य भाषाभन्दा भिन्न रहेका छन् । जुम्ली भाषा वा खस भाषाकै समयमा विकास र विस्तार भएको बाजुराली भाषामा अछाम, बझाङ, मुगु, कालिकोट, जुम्ला आदि क्षेत्रमा बोलिने भाषासँग केही मात्रामा शब्द तथा संरचनागत समानता भए पनि ती क्षेत्रको भाषा भन्दा बाजुराली भाषा फरक छ भन्ने बाजुराली भाषाका विशेषताले देखाएको छ ।

नेपाली र बाजुराली भाषाका पुराना अध्येयताहरूले बाजुराली बोलिलाई बालकृष्ण पोखरेलले गरेको भाषिका वर्गीकरण अनुरूप यस भाषाको अध्ययन विश्लेषण गरे पनि बाजुराली भाषामै केन्द्रित भएर गरिएका अध्ययनमा यो भाषिका नभई भाषा भएको प्रमाणित हुन्छ । भाषामा स्थानगत भिन्नता बढी हुन्छ । यही स्थानगत भिन्नताले भाषिक भेद देखा पर्दे अलगै भाषाको जन्म र विकास हुन्छ । बाजुराली भाषामा ध्वन्यात्मक, रूपात्मक र वाक्यात्मक ढाँचामा अन्य भाषाका भन्दा भिन्न विशेषता पाइन्छन् । नेपाली भाषाका सापेक्षतामा बाजुराली भाषालाई हेर्दा वाक्यात्मकभन्दा रूपात्मक

र रूपात्मकभन्दा ध्वन्यात्मक भिन्नता बढी पाइएका छन् । शब्दभण्डारका दृष्टिले बाजुरालीमा हजारौ शब्दहरू मौलिक रूपमा प्रयोग हुन्छन् । अन्य भाषासँग मिल्दाजुल्दा तर ध्वन्यात्मक रूपमा फरक शब्दहरु पनि यस भाषामा हजारौं किसिमका छन् । यस भाषामा प्रयोग हुने उपसर्ग र प्रत्ययले बाजुरालीलाई विशिष्ट बनाएको छ । यस भाषामा संसारका भाषामा नपाइने क्रियाविशेषणको पनि लिङ्ग, वचन र आदरका दृष्टिले रुपावली चल्ने विशेषता पाइन्छ । यिनै विशेषताले गर्दा बाजुराली भाषालाई नेपालीको भाषिका नभई भाषाका रूपमा परिचित गराएको छ ।

सन्दर्भसामग्री सूची

आचार्य, भागवत (२०५३), *उच्चारणका आधारमा नेपालीका भाषिकाहरूको सर्वेक्षण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

कटुवाल, नरबहादुर (२०६७), *बाजुराली भाषिकाको शब्दकोश* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस ।

जोशी, मनिराम (२०६६), *बाजुराली भाषिकाका व्याकरणात्मक कोटिको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

ढुङ्गाना, लावण्यप्रसाद (२०५३), *आधारभूत शब्दालीका आधारमा नेपालीका भाषिकाको सर्वेक्षण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

निरौला, यज्ञेश्वर (२०५०), *क्रियाको रूपत्त्वका आधारमा नेपालीका भाषिकाको निर्धारण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

निरौला, यज्ञेश्वर (२०७२) *नेपालीका भाषिकाहरूको अध्ययन* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

नेपाल सरकार, तथ्याङ्क कार्यालय बाजुरा (२०७०), *जिल्ला वस्तुगत विवरण*, तथ्याङ्क कार्यालय बाजुरा ।

पोखरेल, बालकृष्ण (२०३१), *राष्ट्रभाषा* (दोस्रो संस्क.), साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५२), *नेपाली भाषाको उत्पत्ति*, साझा प्रकाशन ।

रौले, रूपबहादुर (२०६२), *बाजुराली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. नेपाली भाषा शिक्षा विभाग ।

रौले, रूपबहादुर (२०७८), *बाजुराली भाषाका सामाजिक भेद* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाल खुला विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय ।